प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०७५/०७६ मा डिप्लोमा तथा प्रमाणपत्र तहको वर्गिकृत (नि:शुल्क) छात्रवृत्तिमा रिक्त रहन आएको सिटमा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुमध्येबाट फार्मेसी, नर्सिङ्ग र सामान्य चिकित्सा कार्यकमहरुमा भर्नाका लागि योग्यताक्रमानुसार सिफारिश गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०७५।०९।१२)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७५।०४।१२ गते र मिति २०७५।०५।१३ गते संचालन भएको डिप्लोमा/प्रमाणपत्र तहका बर्गिकृत(निशुल्क) छात्रवृत्तिको प्रवेश परीक्षामा सम्मिलित भई बिभिन्न कार्यकमहरुमा छनौट भई उत्तीर्ण सूचीमा रहेका परिक्षार्थीहरुबाट **फार्मेसी, नर्सिङ्ग र सामान्य चिकित्सा** कार्यकमहरुमा अध्ययन गर्न यस कार्यालयमा मिति २०७५।०८।०९ गतेसम्म रितपुर्वक निवेदन दिएका परिक्षार्थीहरुको योग्यताक्रमानुसार तोकिएको शिक्षण संस्थाहरुमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र भर्नाका लागि सिफारिश गरिएको व्यहोरा परिक्षार्थी, शिक्षण संस्था तथा सरोकारवालाहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

भर्ना सम्वन्धी निर्देशिकाको बुंदा नम्बर ११ मा भएको प्रावधान अनुरुप रुजु गर्ने जिम्मेवारी सम्वन्धित शिक्षण संस्थाको प्राचार्यको हुने हुंदा रुजु गरी तोकिएको म्याद भित्र परीक्षार्थीबाट कुनै पनि शुल्क नलिई भर्ना गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ ।

नोट : यो सूचना CTEVT को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**